# हेटौंडा उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
**बागमती प्रदेश, नेपाल**


हेटौंडा उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय हेटौंडा, मकवानपुर बागमती प्रदेश, नेपाल

पत्र संख्या :- २०८२/०८३
महाशाखा :- शिक्षा विकास महाशाखा
चलानी नं. :- ६६३

मितिः २०८३/०१/११

विषयः छात्रवृत्ति वितरण सम्बन्धमा ।

श्री सम्बन्धित विद्यालय सबै,
हेटौंडा उपमहानगरपालिका, मकवानपुर ।

प्रस्तुत विषयमा अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ को दफा २७ को उपदफा ३ मा व्यवस्था भए अनुसार निजी लगानीका विद्यालय र सार्वजनिक शैक्षिक गुठी अन्तर्गत सञ्चालनमा रहेका विद्यालयले विद्यार्थी सङ्ख्याका आधारमा तोकिएबमोजिमका विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था भएको साथै शिक्षा नियमावली, २०५९ को नियम १५१ को उपनियम २ मा संस्थागत विद्यालयले कुल विद्यार्थी सङ्ख्याको १० प्रतिशतमा नघटाई गरीब, अपाङ्ग, महिला, दलित र जनजातिलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ भन्ने व्यवस्था रहेको तथा संस्थागत विद्यालय मापदण्ड सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०६९ तथा संस्थागत विद्यालयको छात्रवृत्ति वितरणसम्बन्धी मापदण्ड, २०७२ र विद्यालय छात्रवृत्ति व्यवस्थापन निर्देशिका, २०७४ मा भएको व्यवस्था तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ३८४ मिति, २०८३/०१/०७ गतेको प्राप्त पत्रमा संलग्न शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०८२/१२/३० को पत्रमा उल्लेखित बेहोराबमोजिम निर्धारित छनोट विधि अपनाइ छनोट भएका विद्यार्थीको नामावली IEMIS मा तत्काल अध्यावधिक गर्ने, छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको विवरण सम्पूर्ण अभिभावकले देख्ने सुनिश्चित हुने गरी सार्वजनिक गर्ने व्यवस्था मिलाउने तथा सोको अनुगमन स्थानीय तहबाट हुने गरी व्यवस्था मिलाउन भनी लेखी आएको हुँदा तपसिलको कार्यविधि प्रयोग गरी शैक्षिक वर्ष २०८३ मा अध्ययन गर्ने विद्यार्थीहरुलाई तपसिलबमोजिम छात्रवृत्ति प्रदान गरी सोको विवरण IEMIS मा प्रविष्ट गरी विद्यालयका सबै अभिभावकले देख्ने गरी विद्यालय तथा वडा कार्यालयको सूचना पाटीमा टाँस गर्नुहुन अनुरोध छ । यदि कुनै विद्यालयले प्रचलित कानुन र कार्यविधिभन्दा बाहिर गई छात्रवृत्ति प्रदान गरेको पाइएमा वा छात्रवृत्ति पाउन योग्य विद्यार्थीलाई प्रदान नगरी अन्य विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराएको पाइएमा कानुनबमोजिम कारबाही हुने बेहोरा समेत जानकारी गराइन्छ ।

तपसिलः

१. अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ को दफा २७ को उपदफा ३ मा व्यवस्था भएबमोजिम ५०० जनासम्म विद्यार्थी हुने विद्यालयले १० प्रतिशत, ८०० सम्म विद्यार्थी हुने विद्यालयले १२ प्रतिशत र ८०० भन्दा माथि विद्यार्थी हुने विद्यालयले १५ प्रतिशत कुल विद्यार्थी सङ्ख्याको आधारमा निर्धारण गरी छात्रवृत्ति उपलब्ध गराउनुपर्ने छ ।
२. यसरी प्रतिशत निर्धारण गरिसकेपछि उक्त प्रतिशतको कुल विद्यार्थी सङ्ख्यालाई शतप्रतिशत मानी सोअन्तर्गत निम्न बमोजिमको प्रतिशत निर्धारण गरी विद्यार्थीलाई पूर्ण छात्रवृत्ति उपलब्ध गराउनुपर्ने छ ।
   - गरिब तथा विपन्न ४५ प्रतिशत
   - जेहेन्दार १५ प्रतिशत

हेटौंडा उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय हेटौंडा, मकवानपुर बागमती प्रदेश, नेपाल

पत्र संख्या :- २०८२/०८३
महाशाखा :- शिक्षा विकास महाशाखा
चलानी नं. :-

- दलित १० प्रतिशत
- जनजाति १० प्रतिशत
- सीमान्तकृत ५ प्रतिशत
- अपाङ्ग ५ प्रतिशत
- द्वन्द्व पीडित र सडक बालबालिका ५ प्रतिशत
- सहिदका छोराछोरी ५ प्रतिशत

**छात्रवृत्ति वितरण गर्दा अपनाउनुपर्ने कार्यविधिः**
गरिब तथा विपन्नको हकमा: नेपाल सरकारको आधिकारिक निकायबाट गरिब तथा विपन्नताको परिचयपत्र प्राप्त परिवारको विद्यार्थीलाई प्राथमिकता दिनुपर्ने छ ।

- जेहेन्दार छात्रवृत्तिको हकमा: प्रत्येक कक्षामा प्रथम र द्वितीय हुने विद्यार्थीलाई क्रमशः शतप्रतिशत र पचास प्रतिशत शुल्क मिनाहा गरी जेहेन्दार छात्रवृत्ति अनिवार्य उपलब्ध गराउनुपर्ने छ । साथै नियमित विद्यालय आई उच्च ग्रेड प्राप्त गर्ने अन्य विद्यार्थीलाई बाँकी कोटाको जेहेन्दार छात्रवृत्ति उपलब्ध गराउनुपर्ने छ ।
- दलित छात्रवृत्तिको हकमा: राष्ट्रिय दलित आयोगमा सूचीकृत थरमध्येबाट उपलब्ध गराउनुपर्ने छ । यदि थरको आधारमा छुटिन नसकेमा सरकारी निकायले प्रमाणित गरेको आधारमा उपलब्ध गराउनुपर्ने छ ।
- जनजाति छात्रवृत्तिको हकमा: राष्ट्रिय जनजाति आयोगमा सूचीकृत थरमध्येबाट उपलब्ध गराउनुपर्ने छ । यदि थरको आधारमा छुटिन नसकेमा सरकारी निकायले प्रमाणित गरेको आधारमा उपलब्ध गराउनुपर्ने छ ।
- सीमान्तकृत छात्रवृत्तिका हकमा: नेपाल सरकारले सीमान्तकृत जाति भनी सूचीकृत गरेका जातिका विद्यार्थीलाई उपलब्ध गराउनुपर्ने छ । (सीमान्तकृत भन्नाले मुसहर, चेपाङ, राउटे, डोम, दुसाद, वनकरिया, कुसुण्डा, हायु, किसान, कुसबडिया, लेप्चा, मेचे, राजी, सुरेल, बरामु, बोटे, दनुवार, धानुक, झाँगड, ल्होमी, माझी, सतार/सन्थाल, सियार, थामी, थुडाम, वादी एवम् मुक्त कमैया, हलिया, चरुवा जातिका विद्यार्थी भन्ने बुझ्नुपर्छ ।)
- अपाङ्ग छात्रवृत्तिका हकमा: अपाङ्ग छात्रवृत्ति उपलब्ध गराउँदा क्रमशः क वर्गदेखि घ वर्गसम्मका लागि प्राथमिकता दिनुपर्ने छ ।
- द्वन्द्व पीडित छात्रवृत्तिका हकमा: जिल्ला प्रशासन कार्यालयले प्रमाणित गरेको आधारमा दिनुपर्ने छ । अध्ययन छाडी वा सुरु नगरी सडकमा अलपत्र रहेका बालबालिकालाई सडक बालबालिकाको रुपमा लिई छात्रवृत्ति प्रदान गर्नुपर्ने छ ।
- सहिदका छोराछोरीले पाउने छात्रवृत्तिका हकमा: जिल्ला प्रशासन कार्यालयले प्रमाणित गरेको आधारमा दिनुपर्ने छ ।


हेटौंडा उपमहानगरपालिका फोन : ०५७-५२०३७७/५२०४३३/५२३०४४/५२३०४५/५२५८३९, वारुण यन्त्र : ०५७-५२०६७७/१०१
फ्याक्सः ०५७-५२२८७६
वेबसाईटः hetaudamun.gov.np
इमेलः info@hetaudamun.gov.np

**हेटौंडा उपमहानगरपालिका**

# नगर कार्यपालिकाको कार्यालय

हेटौंडा, मकवानपुर

**बागमती प्रदेश, नेपाल**

पत्र संख्या :- २०८२/०८३

महाशाखा :- शिक्षा विकास महाशाखा

चलानी नं. :-

छात्रवृत्ति वितरण प्रक्रियाः

१. मिति २०८३ जेठ ७ गतेसम्म विद्यायमा नयाँ भर्ना भएका वा तल्लो कक्षाबाट कक्षोन्नति भई आएका विद्यार्थीहरुको विवरण अनिवार्य रुपमा IEMIS मा प्रविष्ट गरी ८ गते विद्यालयले सबै विद्यार्थी तथा अभिभावकले थाहा पाउने गरी ७ दिनको समयावधि तोकी सार्वजनिक सूचना प्रकाशन गर्नुपर्ने छ।

२. प्राप्त निवेदन नगर शिक्षा समितिको मिति २०८२/१२/२४ को निर्णयबाट गठित तपसिलबमोजिमको छात्रवृत्ति वितरण समितिमा छलफलको/निर्णयको लागि पेस गर्नुपर्ने छः

समिति

- सम्बन्धित वडाध्यक्षः संयोजक
- सम्बन्धित वडाका सदस्यहरुमध्येबाट वडा समितिको बैठकले तोकेको १ जना : सदस्य
- सम्बन्धित वडाको अगुवा विद्यालयको प्रधानाध्यापक १ जना : सदस्य
- विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुमध्येबाट १ जना : सदस्य
- सम्बन्धित वडाभित्रका शिक्षाप्रेमी मध्येबाट १ जना महिलासहित २ जना : सदस्य
- वडा सचिव : सदस्य
- सम्बन्धित क्षेत्र हेर्ने विद्यालय निरीक्षक वा निजले तोकेको शिक्षा महाशाखाको कर्मचारीः सदस्य
- सम्बन्धित विद्यालयको प्रधानाध्यापक : सदस्य - सचिव

३. जेठ २५ गतेसम्ममा छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको नामावली विद्यालयको सूचनापाटी तथा वडा कार्यालयको सूचना पाटीमा प्रकाशित गर्नुपर्ने छ।

४. छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुको विवरण जेठ मसान्तभित्र IEMIS मा अद्यावधिक गरी सोको प्रमाणित हार्डकपी शिक्षा विकास महाशाखामा अनिवार्य रुपमा पेस गर्नुपर्ने छ।

**पुनश्चः माथि उल्लेखित आरक्षणका क्षेत्रहरुमध्ये कुनै क्षेत्रमा छात्रवृत्ति उपलब्ध गराउने विद्यार्थी सङ्ख्या नरहेमा वा कम भएमा अन्य आरक्षित क्षेत्रका विद्यार्थीलाई दिई कुल प्रतिशत पूरा गर्नुपर्ने छ।**

हरिचन्द्र सापकोटा
अधिकृतस्तर आठौं

हेटौंडा उपमहानगरपालिका फोन : ०५७-५२०३७७/५२०४३३/५२३०४४/५२३०४५/५२५८३९, वारूण यन्त्र : ०५७-५२०६७७/१०१
फ्याक्सः ०५७-५२२८७६
info@hetaudamun.gov.np वेबसाईटः hetaudamun.gov.np
इमेलः info@hetaudamun.gov.np